नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान ब्युरो

बबरमहल, काठमाडौं

## प्रेस विज्ञप्ति-८१

## “चीनको डान्सबारमा बालिका बेचबिखन गर्ने फरार प्रतिवादी ११ वर्ष पछि पक्राउ”



### अभियुक्तको विवरण :-

**नामः- आसिष परियार नेपाली भन्ने आशिष नेपाली**

**उमेरः- ३० वर्ष**

**वतनः जिल्ला ओखलढुङ्गा चम्पादेवी गाउँपालिका -१ घर भई जिल्ला काठमाडौं का.म.न.पा.-२६ ठमेल बस्ने ।**

### विवरणः-

जाहेरवाली बालिका परिवर्तित नाम कालीमाटी (ढ) लाई प्रतिवादी आसिष परियार नेपाली भन्ने आशिष नेपालीले प्रेमजालमा पारी आफु चीन देशको लिपिङ भन्ने स्थानमा काम गर्ने गरेकोले सोही स्थानमा भेटघाट गर्न आऊ भनी सिन्धुपाल्चोक जिल्लाको तातोपानी सम्म जाने भ्यानको व्यवस्था मिलाई दिई जाहेरवालीलाई मिति २०७०।११।११ गते नेपाल-चीनको सीमाना सम्म बोलाई जाहेरवालीको साथमा नागरिकता नभएकोले प्रतिवादीले चीन प्रवेशको लागि निलो रंगको पास कार्ड समेत बनाई दिई जाहेरवालीलाई चीनको खासास्थित छिरिङ डान्सबारमा लगी रू.१८,०००(अठार हजार)मा बेचबिखन गरेको घटना सम्बन्धी वारदातमा संलग्न प्रतिवादीहरुलाई कानून बमोजिम कारबाही गरी पाऊँ भन्ने व्यहोराको मिति २०७१/०३/०९ गते जाहेरी दरखास्त प्राप्त भई वारदात मिति र समय देखि फरार रहेका निज आसिष परियार नेपाली भन्ने आशिष नेपालीलाई खोजतलास गर्ने क्रममा मिति २०८२।०१।०९ गते यस ब्युरोको प्रहरी टोलीले बबरमहल एरियाबाट पक्राउ गरी सम्मानित काठमाडौं जिल्ला अदालतबाट ५ (पाँच) दिनको म्याद थप प्राप्त भई निज उपर थप अनुसन्धान कार्य भइरहेको ।

**सूचना अधिकारी**
**(नरेन्द्र कुँवर)**
**प्रहरी उपरीक्षक**
**सम्पर्क नम्बरः-९८५१२९२२०२**

**मितिः २०८२/०१/१० गते ।**